apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार २ पृष्ठ

● वर्ष: १२ ● अंक: ३१२ ● पृष्ठ: ४ ● १० मंसिर २०८३ विहीबार (26 November 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

प्रेस स्वतन्त्रताको माग गर्दै सिरहाका पत्रकारको धर्ना

सामूहिक गिरफ्तारी र धरपकडको विरोध, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप बन्द गर्न माग

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते



प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि भइरहेको हस्तक्षेपको विरोध गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा सिरहाले जिल्ला प्रशासन कार्यालयअगाडि एक घण्टे धर्ना दिएको छ।

बुधबार महासंघको जिल्ला शाखाले पत्रकारमाथि भएको धरपकड तथा सामूहिक गिरफ्तारीको विरोधमा 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' लेखिएको ब्यानरसहित प्रदर्शन गर्दै धर्ना दिएको हो।

धर्नामार्फत महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप तत्काल बन्द गर्न सरकार र सम्बन्धित निकायसँग माग गरेको छ।

महासंघले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको, प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने उद्देश्यले प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भएको तथा सञ्चारमाध्यममा अनधिकृत रूपमा गाडी तेर्स्याउने घटनामा संलग्नमाथि कारबाही नभएको भन्दै आपत्ति जनाएको छ। त्यस्तै, सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गरिएको, श्रम अधिकार उल्लंघन भएको र लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले पाउँदै आएको रकम प्रेस काउन्सिल नेपालको सिफारिस अनुसार उपलब्ध नगराइएको विषयमा पनि महासंघले असन्तुष्टि जनाएको छ।

यी विषयलाई लिएर महासंघले चरणबद्ध आन्दोलन गर्दै आएको जनाएको छ । लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्वतन्त्र पत्रकारितामाथि राज्यपक्षबाट हुने हस्तक्षेप र पत्रकारलाई सामूहिक रूपमा गिरफ्तार गर्ने कार्य कुनै पनि हालतमा स्वीकार्य नहुने महासंघको भनाइ छ।

धर्नामा महासंघ सिरहा शाखाका कार्यसमिति सदस्यसहित विभिन्न सञ्चारमाध्यममा आबद्ध सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

बालश्रमलाई पूर्णरूपमा निषेध गर्छौं: मन्त्री यादव

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते



युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले बालश्रमलाई न्युनीकरण गर्ने उद्देश्यका साथ सरकारले बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक ल्याएको बताएका छन्।

सिंहदरबारमा बुधबार बसेको प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा उक्त विधेयकमाथिको छलफलका क्रममा मन्त्री यादवले बालश्रमलाई पूर्णरूपमा निषेध मात्र गर्दा व्यवहारिक नहुने भएकाले बालश्रमलाई न्युनीकरण गर्ने उद्देश्यका साथ कानुन बनाउन खोजिएको बताए।

उनले बालबालिकालाई विद्यालयबाट निकालेर काममा लगाउने उद्देश्य नरहेको र विद्यालयमै टिकाउनुपर्नेमा जोड दिए। तर, गरिबी, पारिवारिक अवस्था वा अभिभावकविहीनताका कारण बालबालिकाको हेरचाह र संरक्षणमा देशले खेल्न सक्ने भूमिकाको यथार्थ पनि विचार गर्नुपर्ने उनको भनाइ छ।

उनले देशको अवस्थाअनुसार वैज्ञानिक आधारमा १३ वर्षसम्म बालश्रम रोक्नुपर्ने र १३ देखि १५ वर्षसम्मका बालबालिकालाई घरमा आमाबुबालाई सघाउनेजस्ता सामान्य काममा मात्रै संलग्न गराउने प्रस्ताव गरिएको जानकारी दिए।

त्यस्तै १५ देखि १८ वर्षका बालबालिकाका लागि वर्ग छुट्याएर अनुसूचीमा व्यवस्था गरिएको उनले बताए। प्रस्तुत विधेयकमा निषेध, नियमन, उद्धार, पुनःस्थापना र पुनःएकीकरणलाई एउटै फ्रेममा समेटेर प्रस्ताव गरिएको मन्त्री यादवले बताए।

मन्त्री यादवले विगतमा सहयोग वा पढाइका लागि बालबालिका राख्ने चलन भए पनि अहिले कानुनी कारबाही वा पक्राउ पर्ने डरले असल नियतले हेरचाह गर्न पनि हिचकिचाउने अवस्था देखिएको भन्दै त्यस्ता विषयलाई स्पष्ट र व्यवस्थित गर्न नियमन आवश्यक रहेको बताए।

सिरहा सदरमुकाममा सशस्त्र प्रहरीको एकीकृत सुरक्षा अभ्यास



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते

जिल्लामा हुन सक्ने सम्भावित घटना, आन्दोलन, तोडफोड तथा आगजनीलाई लक्षित गर्दै सशस्त्र प्रहरी बलले सिरहा सदरमुकामका विभिन्न स्थानमा जनशक्ति एकीकृत परिचालन अभ्यास गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल, गण नम्बर ७ हेडक्वार्टर सिरहाले २ सय ८० जना सुरक्षाकर्मी परिचालन गरी उक्त अभ्यास सञ्चालन गरेको हो।

जिल्लाका विभिन्न क्षेत्रमा उत्पन्न हुन सक्ने सुरक्षा चुनौती तथा अप्रत्याशित परिस्थितिको सामना गर्न सुरक्षा फौजको तयारी, समन्वय र परिचालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अभ्यास गरिएको सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुमनजंग

बाँकी पृष्ठ ३ ▶▶

स्थानीय सरकारको नेतृत्वमा सिरहामा लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान सुरु



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते

लैङ्गिक हिंसा अन्त्य, पीडितको न्यायमा पहुँच र सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले सिरहामा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रमका साथ सुरु भएको छ। यस वर्ष स्थानीय सरकारको नेतृत्वमा सामाजिक संघसंस्थासँग सहकार्य गरी अभियान सञ्चालन गरिएको छ।

धनगढीमाई नगरपालिका र गोलबजार नगरपालिकामा यौली, कोणसभा तथा सडक नाटकसहित अभियानको शुभारम्भ गरिएको हो। विगतका वर्षमा मुख्यतः सामाजिक संघसंस्थाको अगुवाइमा सञ्चालन हुँदै आएको अभियानमा यस वर्ष स्थानीय सरकारको सक्रिय नेतृत्व र अपनत्व देखिएको छ।

धनगढीमाई नगरपालिकाको आयोजनामा मानवअधिकार

बाँकी पृष्ठ ४ ▶▶

पूर्व राज्यमन्त्री संजय साह 'टकला' लाई रिहा गर्न माग गर्दै जनकपुरधाममा विरोध प्रदर्शन



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०९ गते

पूर्वराज्यमन्त्री संजय साह 'टकला' लाई रिहा गर्न माग गर्दै जनकपुरधाममा विरोध प्रदर्शन गरिएको छ।

जनकपुरधामका स्थानीय, युवा, महिलाहरुको एक समूहले पूर्वराज्यमन्त्री साहलाई रिहा गर्नुपर्ने माग राख्दै जनकपुरधाममा यौली निकालेका छन्, भने जिल्ला प्रशासन कार्यालय अगाडि पुगेर विरोध प्रदर्शनसमेत गरेका छन्।

उनीहरुले संजय साहलाई न्याय दे, मुद्दाको फैसला छिटो गर, मान्छे फसाउन पाइँदैन, झुठा मुद्दा खारेज गर जस्ता नारा लगाउँदै सरकारप्रति विरोध जनाएका छन्। साथै उनीहरुले चार बुँदे मागसहित प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापन पत्र बुझाएका

बाँकी पृष्ठ ३ ▶▶

मंसिर १८ भित्र पसल-टहरा खाली गर्न भूमि प्रशासनको अन्तिम सूचना

अटेर गरे कार्यालय आफैंले संरचना हटाउने, त्यसबाट लाग्ने खर्च र कानुनी कारबाहीको जिम्मेवारी सम्बन्धित पक्षकै हुने

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते



भूमि प्रशासन कार्यालय सिरहाले कार्यालय परिसरभित्र रहेका पसल, टहरा तथा अन्य संरचना हटाउन अन्तिम चेतावनी दिएको छ । पटक-पटक लिखित तथा मौखिक रूपमा आग्रह गर्दा पनि अटेर गरिएपछि कार्यालयले सार्वजनिक सूचना जारी गर्दै संरचना खाली गर्न अन्तिम समयसीमा तोकेको हो।

कार्यालयले बुधबार जारी गरेको सूचनामार्फत २०८३ मंसिर १८ गते भित्र कार्यालय परिसरमा रहेका पसल, टहरा लगायतका सम्पूर्ण संरचना अनिवार्य रूपमा खाली गर्न सम्बन्धित पक्षलाई निर्देशन दिएको छ।

यसअघि पनि पटक-पटक संरचना हटाउन जानकारी गराउँदा बेवास्ता गरिएको उल्लेख गर्दै कार्यालयले तोकिएको समयभित्र परिसर खाली नगरे कानुनबमोजिम आफैंले संरचना हटाउने चेतावनी दिएको छ।

कार्यालय प्रमुख सुबोधकुमार ठाकुरद्वारा हस्ताक्षरित सूचनामा निर्धारित समयसीमाभित्र संरचना नहटाए त्यसपछि हुने हटाउने प्रक्रिया, खर्च तथा कानुनी कारबाहीको जिम्मेवारी सम्बन्धित पक्ष स्वयंले व्यहोर्नुपर्ने स्पष्ट पारिएको छ।



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

प्रेसमाथि अंकुश र पत्रकारको सामूहिक विरोध

लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र प्रेस, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको निर्बाध प्रवाह जरुरी हुन्छ । राज्यका गतिविधिमाथि निगरानी राख्ने, जनताका आवाजलाई सम्बन्धित निकायसम्म पुऱ्याउने र सरकारलाई जनताप्रति जवाफदेही बनाउने महत्वपूर्ण जिम्मेवारी सञ्चारमाध्यमको हो । तर जब राज्यले सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि विभिन्न बहानामा नियन्त्रण गर्ने प्रयास गर्छ, तब त्यसले प्रेस स्वतन्त्रता मात्र होइन, समग्र लोकतान्त्रिक व्यवस्थामाथि नै प्रश्न खडा गर्छ । सरकारले सञ्चार क्षेत्रप्रति अपनाउँदै आएको दृष्टिकोण र सञ्चारमाध्यममाथि लगाईँदै आएको भनिएको अंकुशको विरोधमा सिरहाका पत्रकारहरू जिल्ला प्रशासन कार्यालय सिरहामा सामूहिक गिरफ्तारीको माग गर्दै धर्नामा बसे । नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको निर्देशनअनुसार सिरहासहित देशभरका पत्रकारहरू सामूहिक गिरफ्तारी दिन जिल्ला प्रशासन कार्यालय पुगेका हुन् । पत्रकारहरूको यो आन्दोलन व्यक्तिगत स्वार्थ वा कुनै सीमित समूहको मागका लागि नभई प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र सञ्चार क्षेत्रको व्यावसायिक मर्यादाको संरक्षणसँग जोडिएको हो ।

पत्रकारिता राज्यको विरोध गर्ने माध्यम मात्र होइन । राज्यलाई सही बाटोमा हिँडाउन सहयोग गर्ने महत्वपूर्ण संस्था पनि हो । सञ्चारमाध्यमले सरकारका सकारात्मक कामको प्रचार गर्नुका साथै कमजोरी, अनियमितता र जनसरोकारका विषय उजागर गर्ने दायित्व निर्वाह गर्छन् । त्यसैले सञ्चारमाध्यमले उठाएका प्रश्नलाई आलोचनाका रूपमा मात्र बुझ्नु हुँदैन् । बरु ती प्रश्नलाई सुशासन, पारदर्शिता र जवाफदेहिताको अवसरका रूपमा लिनुपर्छ । आलोचनालाई स्वीकार गर्न नसक्ने र असहज प्रश्नबाट पन्छिन् खोज्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाउँछ । सञ्चारमाध्यम र सञ्चारकर्मीहरू जिम्मेवारीबाट मुक्त हुन सक्दैनन् । पत्रकारिता सत्य, तथ्य, निष्पक्षता र व्यावसायिक आचारसंहितामा आधारित हुनुपर्छ । गलत सूचना, भ्रामक समाचार, व्यक्तिगत चरित्रहत्या र अपुष्ट सामग्री प्रकाशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ । सञ्चारकर्मीलाई जवाफदेही बनाउने काम पनि उत्तिकै महत्वपूर्ण छ । तर पत्रकारितामा देखिएका कमजोरी सुधार्ने नाममा प्रेस स्वतन्त्रता कुण्ठित गर्ने, सञ्चारमाध्यममाथि अनुचित दबाब सिर्जना गर्ने वा पत्रकारलाई त्रसित बनाउने कार्य स्वीकार्य हुन सक्दैन् । गल्ती भए कानुनी प्रक्रिया र स्थापित पत्रकारिता आचारसंहिताअनुसार निष्पक्ष छानबिन र कारबाही हुनुपर्छ । सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने होइन । यसको स्वतन्त्र, सुरक्षित र व्यावसायिक विकासका लागि अनुकूल वातावरण निर्माण गर्नुपर्छ । सञ्चारमाध्यमको आर्थिक अवस्था, श्रमजीवी पत्रकारको पारिश्रमिक, रोजगारीको सुरक्षा, क्षमता अभिवृद्धि र प्रविधिमैत्री पत्रकारिताको विकासमा पनि राज्यले ध्यान दिन आवश्यक छ ।

पत्रकारिता क्षेत्रलाई जिम्मेवार बनाउने र पत्रकारको अधिकार सुनिश्चित गर्ने दुवै काम सँगसँगै अघि बढ्नुपर्छ । सिरहासँगै देशभरका पत्रकारहरूले थालेको सामूहिक गिरफ्तारीको दबाबमूलक आन्दोलनले सरकारलाई गम्भीर संवादका लागि प्रेरित गर्नुपर्छ । आन्दोलनलाई बेवास्ता गर्नु वा पत्रकारका जायज मागलाई विभिन्न बहानामा पन्छाउनु समस्याको समाधान होइन । सरकारले पत्रकार महासंघ र सञ्चार क्षेत्रका प्रतिनिधिसँग वार्ता गरी असन्तुष्टिका कारण पहिचान गर्नुपर्छ । प्रेस स्वतन्त्रतासम्बन्धी विवाद र समस्यालाई संवाद, सहमति तथा लोकतान्त्रिक प्रक्रियामार्फत समाधान गर्नु नै उपयुक्त बाटो हो । लोकतन्त्रमा सरकार स्थायी हुँदैन । तर लोकतान्त्रिक मूल्य र संस्थाहरू स्थायी हुनुपर्छ । स्वतन्त्र प्रेस त्यस्तै एउटा महत्वपूर्ण संस्था हो । सञ्चारमाध्यम कमजोर हुँदा नागरिकको आवाज कमजोर हुन्छ । सरकारप्रतिको सार्वजनिक निगरानी कमजोर हुन्छ र सुशासनको आधारसमेत प्रभावित हुन्छ । त्यसैले प्रेस स्वतन्त्रताको संरक्षण कुनै पत्रकार वा पत्रकार महासंघको मात्र सरोकार होइन । यो आम नागरिकको अधिकार र समग्र लोकतन्त्रको आवश्यकता हो । सिरहासँगै देशभरका पत्रकारहरूले उठाएको आवाजलाई आन्दोलनका रूपमा सीमित गरेर हेर्न मिल्दैन् । यसलाई सञ्चार क्षेत्रको स्वतन्त्रता, मर्यादा र विकासका विषयमा सरकारलाई जिम्मेवार बनाउने लोकतान्त्रिक दबाबका रूपमा बुझ्नुपर्छ । सरकारले पत्रकारका जायज माग सम्बोधन गर्दै सञ्चार क्षेत्रप्रति आफ्नो दृष्टिकोणमा सुधार ल्याउनुपर्छ । पत्रकारिता स्वतन्त्र, निष्पक्ष, जिम्मेवार र सुरक्षित भए मात्रै लोकतन्त्र बलियो हुन्छ । त्यसैले प्रेसमाथि अंकुश होइन । प्रेसको स्वतन्त्रता र व्यावसायिक विकासमा राज्यको सहकार्य नै अहिलेको मूल आवश्यकता हो । यसका निम्ति वर्तमान सरकारले गम्भीरतापूर्वक संवादको बाटोमा समाधान निकाल्न अघि बढ्नु नै न्यायोचित हुन सक्छ ।

के 'गैरदलीय स्थानीय तह' को प्रतिबद्धताबाट पछि हटेका हुन् रवि-वालेन ?

रास्वपा सभापति रवि लामिछाने आभ्नै पूर्वप्रतिबद्धताविपरीत स्थानीय तहको निर्वाचन दलीय आधारमै गराउने निष्कर्षमा पुगेका छन् । त्यसैले उनले 'क्यान्डिडेट क्लब' को अभ्यास गराउँदै छन् । रास्वपा स्रोतका अनुसार लामिछाने मौकामा चौका हानेर पार्टी स्थानीय स्तरसम्म संस्थागत र बलियो बनाउन चाहन्छन् ।



> दलीय आधारमा स्थानीय निर्वाचन भएर रास्वपा प्रथम पार्टी बन्न सके मात्र पार्टी दिगो हुने लामिछाने समूहको बुझफाइ छ ।

झण्डै दुईतिहाई बहुमतसहित सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीले औपचारिक दस्तावेज र निर्वाचन घोषणापत्रमा स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्ने प्रतिबद्धता जनाउँदै आएको थियो ।

गत आमनिर्वाचनमा जारी घोषणापत्रमा पार्टीको शासकीय स्वरुप र निर्वाचन प्रणालीसम्बन्धी प्रतिबद्धतामा प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरुपको वकालत गर्ने उल्लेख छ ।

तर, यो प्रतिबद्धता लागू गर्नुपर्ने समय संघारमा आइरहँदा भने पार्टी यस सवालमा मौन बसेको मात्र छैन, उल्टो 'क्यान्डिडेट क्वल' बनाएर पार्टीगत उम्मेदवार छनोट प्रक्रिया अघि बढाएको छ ।

रास्वपा आफ्नै प्रतिबद्धताविपरीत उल्टो अभ्यास गर्नतिर लाग्दा गम्भिर राजनीतिक सवाल उत्पन्न भएका छन् । देशभरि गैरदलीय स्थानीय निकायको माग गर्दै बहस, छलफल भइरहेका छन् । एउटा समूहले काठमाडौं माइतीघर मण्डलामा २५ दिनदेखि धर्ना दिइरहेको छ ।

रास्वपा पार्टी र वालेन सरकारले धर्नाकारीलाई राम्रो 'रेस्पोन्स' समेत गरेको छैन । धर्नाकारीले प्रधानमन्त्री वालेन्द्र शाहलाई भेटी ज्ञापनपत्र बुझाउन र पुरानो आफ्नै प्रतिबद्धता सम्झाउन चाहेका थिए ।

धर्नाकारी समूहका एक सदस्य डा. प्रकाश अधिकारीका अनुसार प्रधानमन्त्री वालेन ज्ञापन पत्र बुझ्ने समय दिन अनिच्छुक देखिए ।

त्यसपछि अभियानकर्ता समूहले निर्वाचन अयोगलाई ज्ञापनपत्र बुझायो ।

उता निर्वाचन आयोगले स्थानीय निकाय निर्वाचन २०८४ वैशाख महिनाभित्र गर्न प्रस्ताव गरेको छ । तर, राजनीतिक दलहरू भने यस प्रस्तावप्रति एक मत भइरहेका छैनन् । रास्वपा स्थानीय तह निर्वाचन केही महिना पर सारेर मंसिरमा प्रदेशसभाको निर्वाचन सँगै गराउने मुडमा रहेको गाइँगुइँ चलेको छ ।

स्थानीय र प्रदेश निर्वाचन सँगै गर्नुपर्छ भन्नेहरूले निर्वाचन खर्चको कुरा उठाएका छन् । उनीहरूको भनाइमा एउटै व्यवस्थापनमा दुवै निर्वाचन हुन सक्छ ।

२०७२ को संविधान जारी भएयता संघ र प्रदेशको चुनाव दुईपटक एउटै मितिमा सँगसँगै भएका थिए । तर, स्थानीय तहको निर्वाचन भने भिन्नै र आफ्नै समयमा हुँदै आएको थियो ।

संविधानले कल्पना गरेको संघ, प्रदेश र स्थानीय तहको निर्वाचन प्रणाली एउटै होइन । संघ र प्रदेशको निर्वाचन सँगै हुँदा स्वाभाविकजस्तो ठानिएको थियो किनकि दुवै निर्वाचन संसदीय प्रणालीमा आधारित थिए । तर, २०८२ भदौ २३-२४ गतेको जेन जी विद्रोहपछि यो क्रम पनि टुटेको छ । जेन जी आन्दोलनले सडक आन्दोलनबाट कार्यकाल बाँकी रहेको प्रतिनिधिसभा विघटन गराई नयाँ निर्वाचन भएको थियो ।

संसदीय प्रणालीमा संसद् वा प्रदेशसभा विघटित हुन सक्ने हुँदा तिनको निर्वाचन फरकफरक समयमा पर्न जानु अस्वाभाविक हुँदैन । प्रदेशहरू आफैंमा फरक अस्तित्व र स्वायत्त निकाय मानिने हुँदा प्रदेशहरूको चुनाव पनि सधैं सँगै हुन्छ भन्न सकिन्न । कारणवंश कुनै प्रदेशसभा विघटन भई मध्यावधि निर्वाचन भए त्यसको निर्वाचन तालिका फरक हुन पुग्दछ ।

प्रदेशसभा अहिलेसम्म विघटन नभएको हुँदा सँगसँगै निर्वाचन भइरहेका छन् । तर, सँगै हुँदै आएका संघीय प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव मिति भने फरक परी सकेको छ ।

स्थानीय तहको निर्वाचन प्रणाली बिल्कुल फरक हो । यो संसदीय प्रणालीमा आधारित छैन । प्रतिनिधिसभा र प्रदेशसभाहरूजस्तो यो बीचमै विघटन पनि हुँदैन । तोकिएको कार्यावधि ५ वर्षसम्म नै रहन्छ । तसर्थ कुनै पटक प्रदेश र स्थानीय निकाय निर्वाचन सँगै पारे पनि सधैं त्यो तालिका कायम रहन्छ भन्ने छैन ।

५/५ वर्षमा स्थानीय तहको निर्वाचन देशको संवैधानिक व्यवस्था हो । स्थानीय तहको निर्वाचन अघि वा पछि सार्ने कारण के हो ? र कुन कानुनी प्रावधानअन्तर्गत हुने हो ? प्रस्ट छैन ।

नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले स्थानीय तह निर्वाचन सार्ने वा प्रदेशसभा सँगै गर्ने प्रस्तावको विरोध गरेका छन् ।

यस सवालमा वालेन सरकार भने अहिलेसम्म केही बोलेको छैन । विगतमा गैरदलीय स्थानीय तहको प्रतिबद्धता गरेका र आफैं स्वतन्त्र उम्मेदवार बनेर काठमाडौंको मेयर जितेका वालेन आफैं नैतिक संकटमा परेका छन् ।

रास्वपा सभापति रवि लामिछाने आफ्नै पूर्वप्रतिबद्धताविपरीत स्थानीय तहको निर्वाचन दलीय आधारमै गराउने निष्कर्षमा पुगेका छन् । त्यसैले उनले 'क्यान्डिडेट क्लब' को अभ्यास गराउँदै छन् । रास्वपा स्रोतका अनुसार लामिछाने मौकामा चौका हानेर पार्टी स्थानीय स्तरसम्म संस्थागत र बलियो बनाउन चाहन्छन् ।

दलीय आधारमा स्थानीय निर्वाचन भएर रास्वपा प्रथम पार्टी बन्न सके मात्र पार्टी दिगो हुने लामिछाने समूहको बुझाइ छ । अन्यथा 'वालेन लहरमा एकपटक भोट आयो, लहर गयो' भने जस्तो सन्देश जान्छ भनेर लामिछाने समूह डराएको छ ।

अर्थात्, हिजो दलतन्त्र र अतिदलीय करणको विरोध गरेर उदाएको रास्वपा आफैं दलीय स्वार्थको रक्षा गर्नुपर्ने चंगुलमा फसिसकेको छ ।

वालेन समूहले भने अहिलेसम्म मुख खोलेको छैन । तर, गैरदलीय स्थानीय तहको निर्वाचनप्रति खासै रुचि पनि देखाइरहेको छैन । वालेनसँगै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राई पनि यो मामिलामा नैतिक संकटमा परेका छन् ।

विगतमा उनी पनि गैरदलीय स्थानीय निकायका पक्षपाती थिए । दलका कार्यकर्तालाई 'झोले' भनेर गाली गर्थे । उनको दल पनि यो मुद्दाबाट पछि हटेर दलीय आधारमा स्थानीय तहको निर्वाचन हुनुपर्ने निष्कर्षमा पुगेको छ ।

यसरी हेर्दा नयाँ भनिने दलहरूका राजनीतिक प्रतिबद्धता पुनश्च फोस्रा साबित भएका छन् । कथनी र करणीबीचको भिन्नता रास्वपा र श्रम संस्कृति पार्टीमा पनि उस्तै देखिएको छ ।

रास्वापाले आफूसँग तत्काल प्रतिनिधिसभा र राष्ट्रियसभामा दुई तिहाई बहुमत नभएको र संविधान संशोधन गर्ने क्षमता नभएको भन्दै यो सवाललाई टार्ने बहाना बनाएको छ ।

तर, संविधान विज्ञहरूका अनुसार गैरदलीय स्थानीय निकाय निर्वाचन गर्न संविधान संशोधन आवश्यक पर्दैन । राजनीतिक दलसम्बन्धी ऐन-२०७३ र निर्वाचन ऐन-२०७३ संशोधन गर्दा मात्रै पनि पुग्छ । संविधानमा स्थानीय तहको व्यवस्था छ । तर, संघ र प्रदेशमा जस्तो दलीय आधारमै त्यसको निर्वाचन हुनुपर्ने प्रस्टता छैन ।

अहिलेसम्मको परिदृष्य हेर्दा आफ्नो पूर्वमान्यता विपरीत रास्वपा पार्टी र सभापति रवि लामिछाने गैरदलीय स्थानीय निकायको मुद्दाबाट पछि हटेको प्रस्ट हुन्छ । तर, प्रधानमन्त्री वालेन्द्र शाह भने अझै परीक्षामा छन् ।

सरकारले स्थानीय तह निर्वाचनको तरिका र मितिबारे कुनै निर्णय लिइसकेको छैन । तसर्थ, वालेनले के गर्छन् भन्ने प्रश्न अहिले पनि अनुत्तरित छ ।

स्मरणीय छ- गैरदलीय स्थानीय तहको प्रस्ताव स्वयं निर्वाचन आयोगको समेत प्रस्ताव हो । दिनेश थपलिया प्रमुख निर्वाचन आयुक्त हुँदा निर्वाचनसम्बन्धी विभिन्न २२ बुँदे ऐन संशोधनको सिफारिस गरेको थियो । त्यसमध्ये एउटा बुँदा गैरदलीय स्थानीय निर्वाचन र फरक पदाधिकारीको फरकफरक मतपत्रमा मतदान हुनुपर्ने प्रावधान पनि थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा गरिएको यो सिफारिस तत्कालीन गृहमन्त्री रमेश लेखकले गोप्य राखेर तुहाई दिएका थिए ।

बाँकी पृष्ठ ३ ▶▶

आजको राशिफल

मेष : नयाँ योजना बन्ने दिन छ । पारिवारिक मेलमिलापको योग छ । साथीसँगको सहकार्यमा महत्त्वपूर्ण काम बन्ने छ ।

बृष : दिन राम्रो छ । साथीसँग तर्क गर्नु भन्दा आफ्नो काममा अगाडि बढ्नु राम्रो हुनेछ ।

मिथुन : शिक्षाको क्षेत्रमा गरेको लगानीबाट उत्साह मिल्ने छ । पठनपाठनमा जोस र जाँगर बढ्ने छ ।

कर्कट : दिन सहज छ । बन्धुसँगको सहकार्यमा अगाडि बढ्नु राम्रो हुने छ । बौद्धिक व्यक्तिसँगको भेटले मन खुशी हुनेछ ।

सिंह : दिन राम्रो छ । साथीको साथ लिएर नयाँ कामको सुरुवात गर्दा फाइदा हुनेछ ।

कन्या : दिन सामान्य छ । सञ्चित धन खर्च हुन सक्छ । दाजुभाइबाट असहयोग हुनेछ ।

तुला : सञ्चित धन खर्च हुनेछ । विरोधी सक्रिय भएकाले व्यवहार गर्दा सचेत बन्नुपर्नेछ ।

वृश्चिक : दिन राम्रो छ । बोलीका प्रभावले राम्रो काम बन्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

धनु : दिन राम्रो छ । भाग्यको स्थानमा चन्द्रमा पुगेकाले प्रष्ट वक्ता बन्नु फाइदाजनक हुनेछ । रोग प्रतिरोधात्मक क्षमता बढ्ने छ ।

मकर : दिन सहज छ । मानसम्मान प्राप्त हुने सम्भावना छ । पुराना साथीको साथ र सहयोग प्राप्त हुनेछ ।

कुम्भ : रोगले सताउने जोखिम छ । सामाजिक सेवामा भने तपाईंले अवसर प्राप्त गर्नुहुनेछ ।

मीन : दिन राम्रो छ । बिहान उठेर शिवको भजन सुनेमा दिन सहज बन्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्ला ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

मधेशमा सरोजको सरकार: न समर्थन, न मन्त्रिपरिषद् विस्तार

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०९ गते



मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव सरकार गठनको सुरुवातमै राजनीतिक संकटमा परेको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा सरकार गठन भए पनि हालसम्म मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन ।

मंसिर ६ गते मुख्यमन्त्रीको रूपमा यादवले शपथ लिएका थिए । मधेश प्रदेशमा सबैभन्दा ठुलो दलको हैसियतमा जसपा नेपालको नेतृत्वमा सरकार गठन भएको हो । तर हालसम्म उक्त सरकारलाई कुनै पनि दलले समर्थन गरेका छैनन् ।

सरकार गठनको विषयलाई लिएर मधेश प्रदेशका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) एक ठाउँमा उभिएका छन् । यादवले मुख्यमन्त्रीको शपथ लिँदा तीनवटै दलका नेताहरूले त्यसलाई बहिष्कार गरेका थिए ।

यता, जनमत पार्टीले पनि हालसम्म जसपा नेपालको सरकारलाई समर्थन गर्ने वा नगर्नेबारे कुनै प्रतिक्रिया दिएको छैन ।

तर जसपा नेपालका महासचिव डा. सुरेन्द्र झा भने सरकार कुनै संकटमा नरहेको दाबी गर्छन् । विभिन्न दलसँग छलफल भइरहेको र एक-दुई दिनभित्र सरकारबारे टुंगो लाग्ने उनले बताए ।

उनका अनुसार जसपा नेपालसहित को अग्रगामी मोर्चाले सरकारमा सहभागी नहुने निर्णय गरेको थियो । सोही निर्णयअनुसार अघि बढिरहेको अवस्थामा अचानक सबैभन्दा ठुलो दलको हैसियतमा जसपा नेपालले सरकारको नेतृत्व गर्नुपर्ने अवस्था आएको उनले खुलाए ।

संविधानमा भएको व्यवस्थाअनुसार नै जसपा नेपालको काँधमा सरकारको नेतृत्व गर्ने जिम्मेवारी आएको बताउँदै झाले सरकार सञ्चालन गर्नु पार्टीको प्राथमिकतामा नरहेको स्पष्ट पारे । 'संवैधानिक संकट नआओस् भनेर नै सरकारको नेतृत्व गरेका हौं । यसमा सबै दलले सहयोग गर्नेछन्,' उनले दाबी गरे ।

अग्रगामी मोर्चाको कार्यक्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव व्यस्त रहेकाले कांग्रेसलगायत दलसँग छलफल हुन नसकेको उनको भनाइ छ । एक-दुई दिनभित्र दलहरूबिच कुराकानी हुने र त्यसपछि सरकारबारे टुंगो लाग्ने झाले बताए ।

कानुनी परामर्शमा तीन दल

कांग्रेस नेतृत्वको सरकारका मुख्यमन्त्री कृष्ण यादवले विश्वासको मत प्राप्त गर्न नसकेपछि राजीनामा दिएका थिए । त्यसपछि प्रदेश प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए । कुनै पनि दलले बहुमत जुटाउन नसकेपछि सबैभन्दा ठुलो दलको हैसियतमा जसपा नेपालले सरकारको नेतृत्व गर्ने अवसर पाएको हो ।

तर, जसपा नेपालले सरकारको नेतृत्व पाउनुअघि कांग्रेस, एमाले र नेकपाले छलफलका लागि प्रदेश प्रमुख डा . सुरेन्द्र लाभ कर्णसँग लिखित रूपमै समय मागेका थिए । प्रदेश प्रमुखले छलफलका लागि समय नदिएको तीन दलको गुनासो छ । त्यसपछि सरकार गठन प्रक्रियाविरुद्ध मुद्दा दायर गर्ने विषयमा तीन दलले कानुनी परामर्श थालेको कांग्रेसका एक नेताले बताए ।

मधेश प्रदेशका कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरू यतिबेला काठमाडौंमा छन् । उनीहरूले मधेश प्रदेशको सरकार गठन प्रक्रियाबारे कानुनी तथा राजनीतिक परामर्श गरिरहेको बताइएको छ ।

यद्यपि, सरकारलाई समर्थन गर्ने वा नगर्ने विषयमा दलहरूले औपचारिक निर्णय गरिसकेका छैनन् । मधेश प्रदेशसभा कांग्रेस संसदीय दलका उपनेता वीरेन्द्र सिंहले पार्टीले यसबारे कुनै निर्णय नगरेको बताए । जसपा नेपालको नेतृत्वमा बनेको सरकारलाई समर्थन गर्ने विषयमा दलहरूबिच आन्तरिक छलफल भइरहेको र एक-दुई दिनभित्र केही निष्कर्षमा पुगिने उनको

बाँकी पृष्ठ ४ ▸▸

करेन्ट लागेर गम्भीर घाइते, उपचारका लागि आर्थिक सहयोगको अपिल



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते

दाजु-बहिनी खेल्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका सिरहाको सखुवानान्कारकट्टी गाउँपालिका- ३, पोर्ताहा गाउँका नाबालकका परिवारले उपचारका लागि आर्थिक सहयोगको अपिल गरेको छ ।

२ मंसिरमा करेन्ट लागेर गम्भीर घाइते भएका स्थानीय ईश्वरलाल सदाका एक्लो छोरा करिब आठ वर्षका आयुस सदाको उपचारको लागि परिवारजनले सहयोगको अपिल गरेका हुन् ।

भारतको हरियाना राज्यको जमुनानगरमा बहिनी आसिकीसँग क्रिकेट खेल्ने क्रममा करेन्ट लागेर घाइते भएका उनलाई स्थानीय अस्पतालमा उपचार गराउन खोजिए पनि आर्थिक अभावमा घर फर्किएको उनले सुनाए ।

बाँकी पृष्ठ ४ ▸▸



पूर्व राज्यमन्त्री संजय साह 'टकला' लाई रिहा गर्न माग .....

छन् ।

कुनै पनि मुद्दाको फैसला तीनै तहको अदालतबाट बढीमा तीन वर्षभित्र अन्तिम किनारा लगाउनुपर्नेमा पूर्वराज्यमन्त्री साहलाई १२ वर्षभन्दा बढी समय भइसक्दा पनि मुद्दाको फैसला नगरी जबरजस्ती कारागारमा राखेको प्रदर्शनकारीहरुको भनाई छ ।

पूर्वराज्यमन्त्री साहमाथि लगाइएका मुद्दाहरु झुठो रहेको र विगतका सरकारले नियतवश साहलाई कारागारभित्र थुनेको प्रदर्शनकारी राजेश महतोको भनाई छ । उनले अहिलेको सरकारले जनताको भावनालाई बुझ्ने विश्वास व्यक्त गरे ।

गैरकानुनी रुपमा फसाएर वर्षौंदेखि कारागारमा थुनेर राखेको साहलाई अहिलेको सरकारले न्याय दिने जनकपुरवासीको विश्वास रहेको महतोले बताए ।

महतोले बुधबारबाट एउटा संघर्षको घोषणा गरेको बताए । उनले ज्ञापनपत्रमा उल्लेख गरिएका चारवटा माग पूरा नभए सशक्त आन्दोलनमा उत्रिने र आमरण अनशनमा बस्नेदेखि लिएर आत्मदाह गर्नेसम्मको चेतावनी दिए ।

महतोले पूर्वराज्यमन्त्री साहको मुद्दा एक महिनभित्र फैसला गर्नुपर्ने, मुद्दाको सुनुवाई हुनेबेला प्रत्यक्ष प्रसारण गर्नुपर्ने, साहमाथि लगाईएका झुठा मुद्दाहरु खारेज गर्नुपर्ने र ती झुठा मुद्दा लगाउनेहरुमाथि पनि कारवाही हुनुपर्ने आफूहरुको माग रहेको जानकारी दिए ।

सिरहा सदरमुकाममा सशस्त्र प्रहरीको एकीकृत सुरक्षा .....

थापाले बताए । एसपी थापाको नेतृत्वमा एक घण्टा अभ्यास सञ्चालन गरिएको थियो ।

अभ्यासका क्रममा सुरक्षाकर्मीहरू सिरहा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा सदरमुकामका मुख्य चोकहरू हेमनारायण चौक र महावीर चौक लगायतका संवेदनशील तथा सार्वजनिक आवागमन बढी हुने स्थानमा तयारी अवस्थामा परिचालित भएको एसपी थापाले बताए ।

जिल्लामा हुन सक्ने शान्ति सुरक्षासम्बन्धी चुनौतीलाई मध्यनजर गर्दै सुरक्षा निकायको तयारी अवस्था परीक्षण तथा प्रभावकारी परिचालनको अभ्यास गरिएको भन्दै सशस्त्र प्रहरी उपरीक्षक थापाले भने, 'यस्ता अभ्यासले सम्भावित जोखिमका बेला सुरक्षाकर्मीलाई तत्काल परिचालन गर्न, विभिन्न सुरक्षा निकायबीच समन्वय कायम गर्न तथा सार्वजनिक शान्ति सुरक्षा व्यवस्थापनमा प्रभावकारिता ल्याउन सहयोग पुग्नेछ ।'

सिरहा सदरमुकामका विभिन्न स्थानमा गरिएको उक्त अभ्यासले सम्भावित सुरक्षा चुनौतीप्रति सशस्त्र प्रहरीको तयारी कस्तो रहेको भन्ने देखाएको छ ।

के 'गैरदलीय .....

सरकारी कामकाज कार्यविधिअनुसार निर्वाचन आयोगको सरकोकारवाला मन्त्रालय गृह मन्त्रालय हुन्छ । निर्वाचन आयोगका सिफरिसलाई गृह मन्त्रालयले संसदीय समितिहरूमा पठाउन र ऐन संशोधनको आधार बनाउनुपर्ने हुन्छ ।

तर, रमेश लेखकले त्यसो नगरी निर्वाचन आयोगको सिफरिस तुहाई दिएका थिए । त्यसैबीच प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाको कार्यकाल समाप्त भएको थियो ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

२३ बुँदे माग राख्दै 'हुँकार मधेश'ले बुझायो ज्ञापनपत्र



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०९ गते

'हुँकार मधेश'ले संविधान संशोधन, स्वायत्त प्रदेश निर्माण, नेपाललाई हिन्दु राष्ट्र घोषणा र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेलगायत २३ बुँदे माग राख्दै सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

संस्थाका केन्द्रीय सहजकर्ता राम कतार कश्यपले प्रधानमन्त्रीलाई सम्बोधन गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमार्फत बुझाएको ज्ञापनपत्रमा मधेशी, थारू, आदिवासी जनजाति, दलितलगायत उत्पीडित समुदायका माग सम्बोधन गर्न आग्रह गरिएको छ।

ज्ञापनपत्रमा मधेश आन्दोलनका क्रममा भएको राज्य दमनबारे गठित लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी दोषीलाई कारबाही गर्न, अधिकारसम्पन्न स्वायत्त प्रदेश बनाउन र थरुहट-मधेशलाई एउटै प्रदेश कायम गर्न माग गरिएको छ।

त्यस्तै, नेपाललाई 'संघीय लोकतान्त्रिक हिन्दु गणराज्य' घोषणा गर्न, नेपाल-भारतबीच विशेष सम्बन्ध स्थापित गर्न, चुरे संरक्षणका लागि अधिकारसम्पन्न प्राधिकरण गठन गर्न र हुलाकी राजमार्गलाई औद्योगिक करिडोरका रूपमा विकास गर्न पनि माग गरिएको छ।

जातीय भेदभाव तथा छुवाछुत गर्नेलाई आजीवन कारावासको व्यवस्था, बेरोजगार युवालाई रोजगारी वा भरणपोषण भत्ता, राज्यका निकायमा महिलाको समानुपातिक सहभागिता र अधिकारसम्पन्न जनलोकपाल गठन गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा समेटिएको छ।

ज्ञापनपत्र बुझाउन हुँकार मधेशका केन्द्रीय अभियन्ताहरू रामकुमार कश्यप, केशवकुमार, कौशलेन्द्र कौशल, रत्नेश्वर सनातनी, कञ्चन कुमारी, रिना झा, आनन्दकुमार महतो र प्रकृति दुलाल सहभागी भएका थिए।

स्थानीय सरकारको नेतृत्वमा सिरहामा लैङ्गिक हिंसाविरूद्ध .....

संरक्षण केन्द्र सञ्जाल सिरहा, समग्र जनउत्थान केन्द्र, सहारा नेपाललगायत संघसंस्थाको सहकार्यमा र्याली निकालिएको थियो। नगरपालिकाबाट सुरु भएको र्याली विभिन्न स्थान परिक्रमा गर्दै जिरोमाइल चोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा नगरप्रमुख शिवशंकर महतोले हिंसामुक्त समाज निर्माणका लागि अभियानलाई १६ दिनमा मात्र सीमित नराखी वर्षभरि निरन्तरता दिनुपर्ने बताए। उनले हिंसा अन्त्यका लागि सबै पक्षले आ-आफ्नो तहबाट सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरे।

प्रमुख जिल्ला अधिकारी शान्तिराज प्रसाईंले लैङ्गिक हिंसा अन्त्यका लागि सामाजिक जागरण आवश्यक रहेको बताउँदै हिंसापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न सम्बन्धित निकाय जिम्मेवार र संवेदनशील हुनुपर्नेमा जोड दिए।

नगर उपप्रमुख संगीता चौधरीले महिलामाथि हुने हिंसा, विभेद र दुर्व्यवहार अन्त्य गर्नु स्थानीय सरकारको जिम्मेवारी भएको बताइन्। सामाजिक डर, लाज, पारिवारिक दबाब वा प्रतिष्ठाका कारण हिंसा सहेर बस्नुपर्ने अवस्था अन्त्य हुनुपर्ने उल्लेख गर्दै उनले पीडितलाई न्याय, सुरक्षा र आवश्यक सहयोग उपलब्ध गराउन नगरपालिका प्रतिबद्ध रहेको बताइन्। हिंसाविरुद्ध खुलेर आवाज उठाउन र पीडितलाई साथ दिनसमेत उनले आग्रह गरिन्।

कार्यक्रममा महिला अधिकारकर्मी शोभा बराल, महिला शाखा प्रमुख नितु सिंह, समग्र जनउत्थान केन्द्रका अध्यक्ष एवं मानवअधिकारकर्मी रामभरोसी महतो, मानवअधिकार संरक्षण केन्द्र सञ्जाल सिरहाकी संयोजक तथा मुक्ति नेपालकी अध्यक्ष देवकुमारी महरालगायतले लैङ्गिक हिंसा अन्त्यका लागि सामूहिक प्रयास, पीडितको संरक्षण र कानुनी न्यायको सुनिश्चितताका जोड दिएका थिए।

यसैगरी, गोलबजार नगरपालिकाले मानवअधिकार संरक्षण केन्द्र सञ्जाल सिरहा, महिला मानवअधिकार रक्षक सञ्जाल, मुक्ति नेपाल, समग्र जनउत्थान केन्द्र, सहारा नेपाल, ऋम्ध्ल् लगायत संघसंस्थाको सहकार्यमा अभियान सुरु गरेको छ। नगरपालिकाबाट निकालिएको र्याली बजार परिक्रमा गरी पुनः नगरपालिका परिसरमा पुगेर कोणसभामा परिणत भएको थियो।

कार्यक्रममा मुक्ति नेपालको नाटक टोलीले डिजिटल हिंसासम्बन्धी सडक नाटक प्रदर्शन गरेको थियो। नाटकमार्फत डिजिटल माध्यमबाट हुने हिंसा, दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सन्देश प्रवाह गरिएको थियो।

कोणसभामा गोलबजार नगरपालिकाका उपप्रमुख मान्ती कुमारी साहले हिंसापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न नगरपालिकाको न्यायिक समितिमार्फत संवेदनशील भएर काम भइरहेको बताइन्। हिंसा सहेर बस्नु समस्याको समाधान नभएको उल्लेख गर्दै उनले पीडितलाई न्याय, संरक्षण र सहयोग दिलाउन सबै पक्ष एकजुट हुनुपर्ने बताइन्।

यस्तै, मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले प्रदेशका विभिन्न सामाजिक संघसंस्थासँगको सहकार्यमा जनकपुरधाममा प्रभातफेरी आयोजना गरी अभियानको शुभारम्भ गरेको छ। अभियान अवधिभर प्रदेशका विभिन्न स्थानमा सचेतनामूलक तथा अभियानमूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर सञ्चालन गरिन्छ। हिंसामुक्त समाज निर्माणका लागि अभियानलाई औपचारिक कार्यक्रम तथा नारामा मात्र सीमित नराखी दैनिक व्यवहारमा उतार्नुपर्ने र वर्षभरि निरन्तर सचेतना, सहकार्य तथा जिम्मेवारी निर्वाह गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका छन्।

करेन्ट लागेर .....

घर फर्किएको एक सातासम्म रकम अभावमा उपचारका लागि कतै लैजान नसकेको उनको गुनासो छ। गाउँब्लकको मुस्किलले दुई धुर जमिन र त्यसमा बनेको झुपडीबाहेक केही नरहेका उनले छोराको उपचारमा सबैको सहयोगको याचना गरेका हुन्।

आर्थिक अभावमा उपचार गराउन नसकेका उनलाई बुधबार बिहान स्थानीय अभियन्ता उमेश यादव, देवनाथ यादवलगायतका युवाहरूले नौ हजार रुपैयाँ सहयोग गरेका छन्।

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

खडक नगरपालिका दुई महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन

अपन दैनिक संवाददाता
सप्तरी, मंसिर ०९ गते



सप्तरीको खडक नगरपालिका दुई महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ। प्रमुख प्रशासकीय अधिकृत नहुँदा चालु आर्थिक वर्षका विकास निर्माणका कामदेखि सामाजिक सुरक्षा भत्ता वितरणसम्म प्रभावित भएको छ।

असोज ५ गते भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बुढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव अजय बर्तौलालाई खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा कामकाज गर्ने गरी सरुवा गरेको थियो।

तर, प्रचलित कानुनी व्यवस्था विपरीत सरुवा गरिएको दाबी गर्दै बर्तौला सरुवा बदरको मागसहित असोज १४ गते न्यायिक उपचारका लागि प्रशासकीय अदालत पुगेका थिए।

उनको निवेदनमाथि सुनुवाइ गर्दै अदालतका अध्यक्ष डा. टेकबहादुर घिमिरे र सदस्य नवलकिशोर यादवको इजलासले असोज १५ गते अन्तरकालीन आदेश जारी गरेको थियो।

अदालतले दुवै पक्षबीच छलफल नभएसम्म मन्त्रालयको असोज ५ गतेको सरुवा निर्णय र त्यसअनुसार जारी गरिएको पत्र कार्यान्वयन नगर्न तथा यथास्थितिमा राख्न आदेश दिएको थियो। साथै बर्तौलालाई रमाना नदिन समेत आदेशमा उल्लेख थियो।

२० कार्तिकमा उनको निवेदनमाथि सुनुवाइ गर्दै प्रशासकीय अदालतका सदस्य नवलकिशोर यादवको इजलासले यसअघिको आदेशलाई निरन्तरता दिएको छ।

बर्तौला बुढानीलकण्ठ नगरपालिकामा काममा फर्किसकेका छन्।

योसँगै खडक नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत कहिले आउने भन्ने अन्योल थपिएको छ।

मन्त्रालयले वैकल्पिक प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नगर्दा नगरपालिकाको प्रशासनीक कार्य सबै ठप्पजस्तै बनेको नगर प्रमुख जयप्रकाश चौधरीले बताए।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाले पाउने त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा तथा वितरण हुन सकेको छैन।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सेवा सुविधा र प्रोत्साहन भत्ता भुक्तानीसमेत रोकिएको नगरपालिकाले जनाएको छ।

यस्तै, चालु आर्थिक वर्षका विकास निर्माण योजनाको सम्झौता, बजेट अख्तियारी, निर्माण कार्यको बिल भुक्तानी तथा अत्यावश्यक सार्वजनिक खरिद प्रक्रिया प्रभावित भएको नगर प्रमुख चौधरीले बताए।

यसअघि खडक नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत हरेन्द्र श्रेष्ठको पनि मन्त्रालयले असोज ५ गते नै सरुवा गरेको थियो।

श्रेष्ठ असोज १४ गते रमाना लिएर अन्यत्र गएपछि नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन सकेका छैनन्।

त्यसयता उक्त पद रिक्त रहँदै आएको छ।

मधेशमा सरोजको सरकार: न समर्थन, न मन्त्रिपरिषद् .....

भनाइ छ। सरकार गठनविरुद्ध मुद्दा दायर गर्ने तयारीबारे भने आफूलाई जानकारी नभएको उनले बताए।

जसपा नेपालका नेता शैलेन्द्र साहले पनि आवश्यकताका आधारमा पार्टी सरकारको नेतृत्व गर्न बाध्य भएको बताए। अन्य दलले पनि सोहीअनुसार सहयोग गर्नेमा आफूहरू विश्वस्त रहेको उनको भनाइ छ। प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूसँग परामर्श भइरहेको र चाँडै निष्कर्षमा पुगिने उनले बताए।

बहुमतका लागि थप २५ सांसद आवश्यक

मुख्यमन्त्री यादवले संविधान अनुसार ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ। हाल मधेश प्रदेशसभामा १०३ सदस्य छन्। जसमा जसपा नेपालका २८, नेकपा एमालेका २४, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, नेपाल संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।

प्रदेशसभामा सरकार गठनका लागि ५२ सांसदको समर्थन आवश्यक पर्छ। जसपा नेपालसँग हाल २८ सांसद रहेकाले बहुमत पुऱ्याउन थप २५ सांसदको समर्थन जुटाउनुपर्ने हुन्छ।

एमालेको समर्थन प्राप्त भए जसपा नेपाल नेतृत्वको सरकारले सहजै बहुमत जुटाउन सक्छ। तर, जसपा नेपालले एमालेसँग मिलेर सरकार बनाउने विषयमा अहिलेसम्म औपचारिक निर्णय सार्वजनिक गरेको छैन। कांग्रेसको मात्रै समर्थनले पनि जसपा नेपाललाई बहुमत पुग्दैन। कांग्रेस र जनमत पार्टी दुवैको समर्थन प्राप्त भए भने भने सरकारका लागि आवश्यक संख्या पुग्छ। तर, यी दुवै दलले हालसम्म समर्थन गर्ने निर्णय गरेका छैनन्।

नेकपा भने एमालेको साथ छाड्ने पक्षमा छ। अन्य प्रदेशमा एमाले र नेकपा नेतृत्वको गठबन्धन सरकार रहेकाले मधेशमा पनि यी दुई दलबिचको सहकार्य कायम रहने नेताहरूको बुझाइ छ।

जनमत पार्टीका नेता एवं मधेश प्रदेशसभा सदस्य महेश यादवले जसपा नेपाल नेतृत्वको सरकारलाई समर्थन गर्ने वा नगर्ने विषयमा पार्टीले कुनै निर्णय नगरेको बताए। सरकारबारे अग्रगामी मोर्चाको निर्णय आउन बाँकी रहेको र मोर्चाले गर्ने निर्णयअनुसार नै जनमत पार्टी अघि बढ्ने उनले स्पष्ट पारे।

यता, जसपा नेपालका प्रदेशसभा सदस्य राजु गुप्ताले पनि दलहरूबिच सरकार गठनबारे परामर्श भइरहेको बताए। कांग्रेससँग औपचारिक छलफल हुन बाँकी रहेको उल्लेख गर्दै उनले पार्टी अध्यक्ष उपेन्द्र यादव काठमाडौं आएपछि छलफल गरेर निष्कर्षमा पुगिने बताए। कांग्रेस र जनमत पार्टीले जसपा नेपाल नेतृत्वको सरकारलाई समर्थन गर्नेमा आफू विश्वस्त रहेको उनको भनाइ छ।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

